

# तल्लो खारे खोला जलविद्युत खबर

**आर्थिक वर्ष ०७३।७४ को वार्षिक साधारण सभा सम्पन्न**

भाद्र २०७४, अंक १०



Blasting द्वारा चट्टानहरु फुटाउने तयारी

## आयोजनाको हालको निर्माण अवस्था

एटलस हाईड्रो कन्सोरटियमले हेडवर्कसको निर्माण कार्य गरिरहेको छ । हेडवर्कसको डिस्याण्डर बेशिनमा १५३६ घनमिटर स्टोन मेसनरी वाल लगाइसकेको छ । साथै, उक्त डिस्याण्डर बेसिनको पर्जिङ्ग क्यानलको ढलान गर्ने कार्य भइरहेको छ । हालसम्म उक्त ढलान गर्ने कार्य गर्ने क्रममा पर्जिङ्ग क्यानलको १२६ घनमिटर ढलान भइरकेको छ । नर्थ हाडड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. द्वारा आयोजना स्थलमा पेनस्टक पाइपको लागि आवश्यक पाइप फेब्रिकेशनको कार्य गरिरहेको छ । यस्तै स्टील पाताहरुलाई पाइप बनाउनको लागि काट्ने कार्य भइरहेको छ ।

यसमा जम्मा १३८७ वटा स्टील पाताहरु मध्ये ५०८ वटा स्टीलपाता काट्ने काम सकिएको छ । उक्त ठेकेदार कम्पनीले हाल सम्म ३६९ वटा पाइप रोल गरिसकेको छ भने ३५० वटामा वेल्डिङ्ग गरिसकिएको छ । उक्त फेब्रिकेट भएको पाइपमा रङ्ग लगाइएको पाइपहरुलाई साइटमा पुऱ्याउने कार्य भइरहेको छ । साथै, साइटमा पुऱ्याइएको पाइपहरुलाई वेल्डिङ्ग गर्नको लागि विद्युतिय तारहरु विच्छ्याइने कार्य भइरहेको छ ।



Blasting को लागि परिचालन गरिएका सुरक्षाकर्मी



हाईड्रोमेकानिकल वर्कसप

हाइड्रो मेकानिकल निर्माण ठेकेदार कम्पनी क्रिम हाइडेल प्रा. लि. ले गेट तथा स्टपलगको इम्बेडेड पार्टस र फ्रेमहरु बनाउने कार्य सम्पन्न गरि उक्त गेट तथा स्पटलगको leaf को फेब्रिकेसन र होइस्टहरुको डिजाइनको कार्य अगाडि बढाइएको छ । यस तल्लो खारे खोला जलविद्युत आयोजनाको पेनस्टक पाइप रहने केहि ठाँउहरुमा कडा चट्टान भेटिएकोले उक्त चट्टानहरु फुटाउनको लागि Blasting को कार्य भइरहेको छ ।

यूनिभर्सल पावर कम्पनी लिमिटेडको आर्थिक वर्ष ०७३।७४ को वार्षिक साधारणसभा २०७४ भाद्र २९, गते अमृतभोग पार्टी प्यालेस कालिकास्थान डिल्लीबजारमा सम्पन्न भएको छ । उक्त साधारणसभाबाट सम्पूर्ण अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन भएको छ । साथै, सर्वसाधारण लाई शेयर निष्काशन गर्ने निर्णय गरेको छ ।



रङ्ग लगाइएको पाइपहरुलाई साइटमा पुऱ्याउने कार्य गरिदै



डिस्याण्डरमा ढलान गरिदै



वेल्डिङ्ग गरिदै

**सम्पादक: पार्वती पराजुली**

**युनिभर्सल पावर कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन न: ९७७-१-४१०१०९७, ४२५१४६३,**

**ईमेल : info@universalpowercompany.com.np**

**वेबसाइट : www.universalpowercompany.com.np**